# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २ गते २०१२ साल

### योजना बिकाशबिभागको सूचना

पत्र संख्या ८।२०१४।१२. ८।६।०१२

खानी रकम भएका इलाका माल; गढी, गौंडाले गर्ने

[१] दर्ता भैरहेको खानीको समतमध्ये खुद खानी चली बन्दोबस्त भैरहेको मितिमा ०६।११।२६ मा प्रकाश भएका गजेटबमोजिम ने. बु. व. मा खानी अड्डा बन्दोबस्ती फाटमार्फत ऐन सवालमा थाम डायममा रिपोर्ट गरी निकासा भएबमोजिम गर्ने।

[२] खानी नचली खानी रकम मात्र बाकी आएकोमा सो रकम तिरो बापत रैतीले घा जग्गा भोग गरी आएको भए सो गरि पछि मात्र बाली लाग्ने

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिए पछि मात्र लागू हुनेछ

जिम घर जग्गा दर्ता गरी खानी रकम समेत कट्टा गर्नालाई सम्बन्धित विभागमा रिपोर्ट गर्ने।

[३] खानी नचलेको खानी रकम भने लागी आएको र सो रकम बापत घर जग्गा कुनै नभै कुनै सहुलियत माफी पाई आएको रहेछ भने के कस्तो सहुलियत पाई आएको रहेछ त्यसमा के गर्न मनासिब पर्छ ठहराई सम्बन्धित विभागमा रिपोर्ट गर्ने।

[४] खानी रकम तिरो बापत कुन घर जग्गामा भोग गरी आएको रहेछ अथवा घर जग्गाको छुट्टै दर्ता भै तिरो तिरेको र सो रकम बापत कुनै माफी सहुलियतसमेत भएको छैन भने त्यस्तो रकम समेत कट्टा गर्नालाई सम्बन्धित विभागमा रिपोर्ट गर्ने।

खानी विभागबाट गर्ने।

[५] माथि दफा १ मा लेखिएबमोजिम रिपोर्ट पेश भएमा प्रचलित ऐन सवाल बमोजिम कुन व्यवस्था भैदिएमा खनिज विकाश होला तेस्को समेत विचार गरी आवश्यकीय निकासा दिने।

मालपोत तथा वनविभागले गर्ने

[६] माथि २—४ दफाको हकमा लेखिएबमोजिम रिपोर्ट पेश भएमा ऐनसवालको रीत पुगे नपुगेको जाँची लेखिएबमोजिम गर्ने गरी निकासा गरी दिने र दफा ३ का हकमा पाएका सहुलियत र माफिको समेत विचार गरी प्रचलित ऐन सवालबमोजिम गरी निकासा दिने।

आज्ञाले—

भीमबहादुर

सेक्रेटरी — योजना विकाश विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## योजना विकाश विभागको सूचना

अघि चलिरहेका खानीहरू पछि बन्द हुंदा पनि खानी रकम बुझाउनु पर्दा दोहरो रकम लाग्यो भनी पाल्पा मेग्जिन अड्डामा हजुरी पर्दा सो अड्डाबाट जाहेर भएको रिपोर्टको व्यहोराबाट नचलेको नभएको खानीहरूको पनि रकमको तीरो चलिरहेको तथा खानीको रकम तिरी घर जग्गाहरू पनि भोग गरी आएको देखिन आएबाट यसमा सबैमा लागू हुने गरी एक सैद्धान्तिक नीति निर्धारित भए सरकारको तीरो भरो पनि सजिलो साथ उठने र जनतामा पनि नचलेका नभएका रकम तिर्ने बुझाउन नपरी सुविधा हुने हुनाले सम्बन्धित मालपोत विभागको राय लिई यस विषय देहायबमोजिम गर्ने गराउन गजेट प्रकाश गर्नको निमित्त समेत निकासाबाई सरकारमा जाहेर हुंदा ०१२—८—१७—६ का मितिमा सदर भई आएको हुनाले खानी रकम भएका इलाका अड्डाहरूबाट सो बमोजिम गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले—
भीमबहादुर
सेक्रेटरी योजना विकाश विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।